जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ | अंक : २६५ | २०८१ साल असार १२ गते बुधबार | Wednesday 26 June, 2024 | पृष्ठ : ४ | मूल्य रू. ५/-

## बाराको १६ स्थानीयद्वारा १० अर्ब ६६ करोड ७७ लाख भन्दा माथि बजेट प्रस्तुत




*शु.आ. सम्बाददाता*
*कलैया, ११ असार ।*

बारा जिल्लामा रहेको १६ औ स्थानीय तहले आफ्नो नगर सभा, गाँउ सभा अधिवेशन सम्पन्न गरेको छ । आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम असार महिनाको १० गतेभित्र ल्याइ सक्नुपर्ने कानूनी प्रावधान अन्तर्गत बाराको सम्पुर्ण स्थानीय तहहरुले बजेट अधिवेशन अन्तर्गत बजेट प्रस्तुत गरेका छन् । अगामि आर्थिक बर्षको निति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न कानुनी प्रावधान अन्तर्गत जेष्ठ १५ गते सँघिय सरकारले आफ्नो बजेट प्रस्तुत गर्ने, असाढ १ गते ७ औ प्रदेशले आ-आफ्नो बजेट प्रस्तुत गर्ने र असाढ १० गते भित्रमा स्थानीय तहले आफ्नो निति तथा कार्यक्रम ल्याई बजेट प्रस्तुत गर्ने रहेको छ । सोहि अनुसार बाराको सम्पुर्ण स्थानीयले असाढ १० गतेसम्म आ-आफ्नो निति तथा कार्यक्रम सहित बजेट प्रस्तुत गरेको छ ।१६ वटै स्थानिय तहले १० अर्ब ६६ करोड ७७ लाख ८१ हजार ४७ रुपैया बराबरको बजेट प्रस्तुत गरेका छन्। जसमा सबै भन्दा बढी जितपुर सिमरा उपमहानगरपालिकाको अगामी आर्थिक बर्ष २०८१/८२ को लागि २ अर्ब १० करोड ५० लाखको बजेट ल्याएको छ। भने सबै भन्दा कम विश्रामपुर गाउँपालिकाले १९ करोड ५५ लाख ६४ हजार ९९९ रुपैयाको बजेट ल्याएको छ ।

त्यस्तै अगामी आर्थिक बर्ष २०८१/०८२ कोलागि कलैया उपमहानगरपालिकाले रु १ अर्ब ५१ करोड ३३ लाखको,

निजगढ नगरपालिकाले रु ९० करोड एक लाखको, महागढीमाई नगरपालिकाले रु ७७ करोड ५४ लाख ९८ हजार पाँच सयको, कोल्हवी नगरपालिकाले रु ६८ करोड ९४ लाख ५९ हजारको, सिम्रौनगढ नगरपालिकाले रु ६४ करोड ७२ लाख ३६ हजारको, पचरौता नगरपालिकाले रु ६१ करोड ४३ लाख पाँच सयको बजेट प्रस्तुत गरेको छ । बारामा रहेको ९ वटा गाउँपालिकाहरु मध्ये अगामी आर्थिक बर्ष २०८१/०८२ कोलागि प्रसौनी गाउँपालिकाले रु ४७ करोड ५ लाखको, आदर्श कोतवाल गाउँपालिकाले रु ४५ करोड ५२ लाख ७८ हजारको, फेटा गाउँपालिकाले रु ४१ करोड २१ लाख ९९ हजारको,

करैयामाई गाउँपालिकाले रु ४१ करोड २१ लाख ४१ हजार तिन सयको, बारागढी गाउँपालिकाले रु ३९ करोड ३९ हजार ७३ हजारको, सुवर्ण गाउँपालिकाले रु ३९ करोड एक लाख १७ हजारको, देवताल गाउँपालिकाले रु ३४ करोड ७३ लाख ४४ हजार सात सय ५८ रुपैयाको र परवानीपुर गाउँपालिकाले ३४ लाख करोड ५७ लाख ६९ हजारको बजेट प्रस्तुत गरेको छ ।

निति तथा कार्यक्रम र बजेट प्रस्तुतीकरणमा जितपुर सिमरा उपमहानगरपालिकाले दुई चोटी नगरसभा स्थगित गरेको थियो। भने

*(बाँकी तेश्रो पेजमा)*

## खैरो हिरोइनसहित तीनजना बारामा पक्राउ

*बारा, ११ असार ।*

जिल्ला प्रहरी कार्यालय, बाराले प्रतिबन्धित लागू औषध खैरो हिरोइन सहित ३ जनालाई आईतबार सिमराबाट पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय सिमरा, बाराबाट खटिएको प्रहरी टोलीले जिल्ला बारा, जीतपुर सिमरा उप-महानगरपालिका वडा नं. २ स्थित सिमरा चोकमा वीरगंजबाट नारायणगढतर्फ जाँदै गरेको ना ६ ख ६०५९ नम्बरको यात्रुबाहक बसलाई रोकी चेकजाँच गर्दा बसको चालकको सिटमुनी लुकाइएको ९ ग्राम ७६० मिलिग्राम खैरो हिरोइन बरामद गरेको थियो । लागू औषध खैरोहिरोइन सहित पक्राउ पर्नेमा जिल्ला पर्सा, वीरगंज महानगरपालिका वडा नं. ३२ बस्ने बसका चालक मुनिलाल प्रसाद रौनियार, पोखरिया नगरपालिका वडा नं. ०२ बस्ने बसका सह-चालक दिपेन्द्र शर्मा, र पकहामैनपुर गाउँपालिका वडा नं. ४, खेस्राहाका भिम गिरी रहेको जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिएका छन् । पक्राउ परेका तिनैजनालाइ बारा

*(बाँकी तेश्रो पेजमा)*

## कुशवाहाको गोली प्रहार गरी हत्या गरेको शंकित ७ जना पक्राउ



*शु.आ. सम्बाददाता*
*कलैया, ११ असार ।*

बाराको कलैया स्थित रहेको रामराजा ( मो.वि.शा. ) बहुमुखी क्याम्पसका प्रमुख हरि भुषण प्रसाद कुशवाहाको यहि जेष्ठ ३२ गते बेलुका ५:१५ बजेको समयमा गोलि प्रहारबाट घाईते भएका थिए। घाईते भएका कुशवाहालाई तत्काल उपचारको लागि बयोधा अस्पाताल बीरगँजमा लगिएको खण्डमा उपचारको क्रममा उनको मृत्यु भएको थियो । कुशवाहा आदर्शकोतवाल गाउँपालिका वडा न.२ खजुरीया निवासी रहेका थिए । घटना भएको दिन कुशवाहा मोटरसाइकल चलाई खजुरियाबाट कलैया तर्फ आउदै गरेको अवस्थामा आदर्शकोतवाल गाउँपालिका वडा न.३ बतरा टोल स्थित ग्रेवल सडक खण्डमा पुग्दा अपरचित व्यक्तिहरुको समुहले गोली हानेकोमा घाईते भएका थिए । कुशवाहाको हत्या भएको घटनाको अनुसन्धानको क्रममा उक्त घटनामा संलग्न देखिएको शंकित र किटानी जाहेरी दरखास्तमा समेत उल्लेखित ७ जना प्रतिवादीहरुलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय बाराले मँगलबार सार्बजनिक गरेको छ। साथै तिन वटा मोटरसाइकल, ६ राउण्ड गोलि र बिभिन्न मोवाईल, ल्यापटप र नेपाली तथा भारतीय सिमकार्डहरु फेला परेको जानकारी प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले दिएका छन् । प्रहरी प्रवक्ता न्यौपानेको अनुसार पक्राउ पर्नेमा आदर्शकोतवाल गाउँपालिका वडा न.२ खजुरिया टोलमा बस्ने वर्ष ३२ को अवधलाल प्रसाद कुशवाहा , बर्ष ३४ को राधेश कुमार पटेल , वर्ष ५४ को विनोद राउत कुर्मी, वर्ष २९ को चांदसी प्रसाद कुशवाहा, वडा. न.२ बतरा टोलमा वर्ष २७ को चुल्हाई भन्ने श्रवण कुमार साह, कलैया उपमहानगरपालिका वडा न.१० मटिअर्वा टोलमा बस्ने वर्ष ५० को आम्रपाली भन्ने ब्रहमदेव राम र करैयामाई गाउँपालिका वडा न.७ पिपरा टोलमा बस्ने वर्ष ५० को मोतिलाल चौधरी रहेका छन् । साथै बा.३२ प ७०५५ नं. को एफएड मोटरसाइकल १ थान, ना.५९ प ४७८९ न. को टिभिएस मोटरसाइकल १ थान, ना.३३ प ५४६२ नम्बरको २२० सिसी को पल्सर मोटरसाइकल १ थान , गोली ६ राउण्ड र बिभिन्न मोवाईल, ल्यापटप र नेपाली तथा भारतीय

*(बाँकी तेश्रो पेजमा)*

## एसईईको नतिजा बुधबार बेलुकासम्म सार्वजनिक गर्ने तयारी



*काठमाडौं, ११ असार ।*

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा बुधबार बेलुकासम्म सार्वजनिक गर्ने तयारी गरेको छ । कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले बुधबार नतिजा सार्वजनिक गर्ने तयारी भइरहेको बताए । उनले भने 'प्राविधिक समस्या आएन भने भोलि ४ बजेभित्र नतिजा सार्वजनिक गर्छौं ।' बोर्डले यस वर्षदेखि लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गर्नेछ । जसमा सैद्धान्तिक र आन्तरिकको मूल्याङ्कन फरक-फरक रूपमा गर्ने व्यवस्था छ । विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ । ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्छ । त्यसमा आन्तरिकतर्फ २५ पूर्णाङ्कको परीक्षामा भने ४० प्रतिशत अर्थात १० अंक ल्याउनुपर्छ । लेटर ग्रेडिङ निर्देशिकाअनुसार सैद्धान्तिक र आन्तरिकतर्फ प्राप्त

*(बाँकी तेश्रो पेजमा)*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - पचरौता नगरपालिका, बारा

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
सह-सम्पादक : रंजित यादव
समाचार सम्पादक : आ.के ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्युटर अपरेटर : एन.आर.वाई.
सम्पर्क नम्बर : ९८४५२२६३०५/९८१४२३२७०२
सम्पर्क कार्यालय : कलैया - १४ , बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया बारा

shubharambhdaily@gmail.com

## सम्पादकीय.............

### बढ्दो सार्वजनिक ऋणको चिन्ता

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकअनुसार जेठ मसान्तसम्म सरकारले लिएको ऋण २४ खर्ब ३४ करोड ३६ लाख रुपियाँ पुगेको छ।कुल ऋणमध्ये आन्तरिकतर्फ ११ खर्ब ९२ अर्ब ४८ करोड ४ लाख अर्थात् ४९ दशमलव ६८ प्रतिशत र बाह्यतर्फ १२ खर्ब ७ अर्ब ८६ करोड ३२ लाख रुपियाँ अर्थात् ५० दशमलव ३२ प्रतिशत रहेको छ।सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को आधारमा ४२ प्रतिशत पुगेको छ। उल्लिखित तथ्यांकको आधारमा हरेक नेपालीमाथि सार्वजनिक ऋणको भार करिब ८३ हजार रुपियाँ रहेको छ ।

चालू आर्थिक वर्षको ११ महिनामा सरकारले २ खर्ब २७ अर्ब १९ करोड रुपियाँ आन्तरिक र ८२ अर्ब ६७ करोड रुपियाँ बाह्य ऋण लिएको देखिन्छ। त्यस्तै जेठ मसान्तसम्ममा ऋण तिर्नका लागि सावाँ-ब्याजमा सरकारले २ खर्ब ७१ अर्ब १९ करोड रुपियाँ खर्च गरेको छ।यसमध्ये आन्तरिक ऋणको लागि २ खर्ब २७ अर्ब रुपियाँ र बाह्य ऋणको लागि ४३ अर्ब रुपियाँ खर्च भएको तथ्यांक छ। सरकारले आन्तरिक ऋणको सावाँ तिर्न १ खर्ब ६१ अर्ब रुपियाँ र ब्याज तिर्न ६५ अर्ब ५७ करोड रुपियाँ भुक्तानी गरेको छ।साथै बाह्य ऋणको लागि सावाँमा ३५ अर्ब ७० करोड र ब्याज ८ अर्ब २९ करोड रुपियाँ खर्च गरेको छ। सरकारले चालू आर्थिक वर्षमा सार्वजनिक ऋणको सावाँ ब्याज भुक्तानी गर्न वित्तीय व्यवस्था शीर्षकमा २ खर्ब ४७ अर्ब ५५ करोड रुपियाँ खर्च हुने संशोधित अनुमान गरेको थियो। तर, सरकारको अनुमानभन्दा बढी खर्च भइसकेको छ ।

त्यस्तै आगामी आर्थिक वर्षमा ३ खर्ब ६७ अर्ब २८ करोड रुपियाँ खर्च हुने अनुमानसहित सरकारले वित्तीय व्यवस्थातर्फको शीर्षकमा बजेट विनियोजन गरेको छ। सार्वजनिक ऋणको उल्लिखित तथ्यांकलाई हेर्दा सरकारको ठूलो धनराशी अघिल्ला वर्षमा लिएको ऋण तिर्नमा खर्च गर्नुपरेको देखिन्छ।कतिपय देशले नेपालको जीडीपीको तुलनामा कैयौँ गुणा बढी ऋण लिएको पाइन्छ। तर, ती देशले ऋणलाई साधारण खर्चमा प्रयोग नगरेर पुँजीगत खर्चमा लगानी गर्ने गरेको पाइन्छ। निश्चय पनि पुँजीगत खर्चमा भएको लगानीले प्रतिफल दिन्छ। ऋण नै खोजेर लगानी गरे पनि आम्दानीको सुनिश्चितता भए चिन्ताको विषय भएन। तर, ऋणबाट दैनिक खर्च धान्नुपर्ने अवस्थाचाहिँ गम्भीर हो।नेपालको सन्दर्भमा सबै ऋण सरकारको दैनिक खर्चमा प्रयोग नभए पनि क्रमशः त्यस दिशातर्फ उन्नमुख हुँदै गएको देखिन्छ। त्यसैले सार्वजनिक ऋणबाट चालू खर्च गर्नुपर्ने स्थितितर्फ सरकार सचेत हुनुपर्छ ।

# उल्टो-सुल्टो राजनीति

*राजनीतिलाई सुल्ट्याउन चाहनेले शक्तिको छिनाझप्टीको उत्तेजनाबाट पर, एउटा सुन्दर क्षितिजको परिकल्पना गर्नैपर्छ । अन्यथा, राजनीतिले जितबाजीको अखडामा जनतालाई दर्शक बनाइदिन्छ र राजनीतिको सामूहिक जनमुखी शक्तिलाई नाश गरिदिन्छ । चुनौती अनेक छन्, मन्दी अर्थतन्त्रदेखि सामाजिक जीवनसम्म व्याप्त छ, तर मिडियादेखि मन्त्रालयका बार्दलीसम्म एउटै कोकोहोलो छ– चोर ! चोर !! मानौं सरकार फगत प्रहरीको पोसाकमा खडा छ र मुलुकको स्थायी धुन प्रहरीको साइरन बनेको छ ।*

*- युग पाठक*

एउटा निर्वाचनदेखि अर्को निर्वाचनसम्मको दूरी कति हुन्छ ? संविधानले तोकेको समयदूरी नाप्यो भने त पाँच वर्ष हुन्छ । निर्वाचन जित्ने पार्टी र नेतृत्वले वाचा गरेको लक्ष्य/उद्देश्यको दूरी नाप्यो भने कति हुन्छ ? त्यो दूरी नाप्न पार्टीका चुनावी घोषणापत्रहरू पढ्नुपर्छ । मतदाता त छाडिदिऊँ, पार्टीका नेताले पनि सम्भवतः आफ्ना घोषणापत्र आद्योपान्त पढेनन् र पढेको जति पनि बिर्सिसके । सम्झेका हुन्थे भने सरकारमा हुँदा घोषणापत्रका वाचा लागू गर्न र नहुँदा लागू गराउन बुँदाबुँदा वाचेर कोसिस गरिरहेका हुन्थे । निर्वाचन सकिनासाथै मिसन-८४ महात्म्य किन सुरु हुन्थ्यो ? मिसन-८४ को रटानले एउटा कुरा सुरुमै प्रस्ट पार्‍यो– देश र जनताको जीवनको आगामी पाँच वर्ष 'हात्ती आयो, हात्ती आयो- फुस्सा' हुनेछ । चोर-पुलिसको खेलमा दुई वर्ष त फुस्सा भइसकेको छ । सुशासनको पगरी लगाइदिएपछि चोर-पुलिसको खेलले पनि लुतो कन्याइको आनन्द दिँदो रहेछ । चुनौती अनेक छन्, मन्दी अर्थतन्त्रदेखि सामाजिक जीवनसम्म व्याप्त छ, तर मिडियादेखि मन्त्रालयका बार्दलीसम्म एउटै कोकोहोलो छ– चोर ! चोर !! मानौं सरकार फगत प्रहरीको पोसाकमा खडा छ र मुलुकको स्थायी धुन प्रहरीको साइरन बनेको छ । यसले उसलाई चोर भनेको छ, उसले यसलाई चोर भनेको छ । दुःखद कुरा, राजनीति सर्वथा चोर-पुलिसको खेलमा खुम्चियो । राज्यसत्ता एउटा ठूलो आर्थिक परियोजना हो, त्यसैले त्यहाँ प्रत्यक्ष/अप्रत्यक्ष भ्रष्टाचारको गुञ्जाइस सधैं रहन्छ । धनधान्य र गरिबी केवल कसैको 'भाग्य'/संयोग वा मिहिनेतको हिसाबकिताब होइन, राज्यको शक्ति र संरचनामा कसको कति पहुँच छ भन्ने हिसाब हो । त्यसैगरी भ्रष्टाचारको परिभाषा कुन व्यवस्थामा के छ भन्ने कुराले कालो र सेतो धनको परिभाषा बनाउने हो । व्यवस्थाअनुसार भ्रष्टाचारको उपचार पनि फरकफरक हुन्छ । तर राजनीतिलाई चोर-पुलिसको खेलमा खुम्च्याइयो भने थाहा पाउनुपर्छ– बृहत्तर मुद्दा र चुनौतीहरू छोपछाप पार्न खोजिएको छ । त्यसघडी निर्वाचन केवल पार्टी र नेताहरूको व्यक्तिगत हारजितमा खुम्चिन्छ । तसर्थ मिसन-८४ को रटान आफैंमा राजनीतिक संकटको अभिव्यक्ति हो ।

**लोकतन्त्रको संकट**

संसारभर 'उदार लोकतन्त्र' मा आइलागेको संकटबारे बहस चलिरहेको छ । क्याम्ब्रिज विश्वविद्यालयले भर्खरै चलाएको सनसनीपूर्ण प्राज्ञिक विमर्शको शीर्षक नै छ– के लोकतन्त्र मर्दै छ ? अमेरिकी राजनीतिशास्त्री शन रोजेनबर्गको लोकतन्त्रको अन्त्य हुँदै गइरहेको (उनकै शब्दमा लोकतन्त्रले आफैंलाई निलिरहेको छ) तर्क होस् वा भर्खरै प्रकाशित मार्टिन वोल्फको पुस्तक 'दि क्राइसिस अफ डेमोक्रेटिक क्यापिटलिजम' ले निकालेको अस्थिर अर्थतन्त्र, बढ्दो असमानता जस्ता कारणले विश्व पुँजीवाद र उदार लोकतन्त्रले वैधानिकता गुमाइरहेको निष्कर्ष होस् । उत्तरी गोलार्द्ध ( ग्लोबल नर्थ) का शक्तिकेन्द्रमा हाहाकार छ । उत्तरी गोलार्द्ध अर्थात् विकसित मानिएको दुनियाँ जहाँ हाम्रा युवाहरूको समेत सपनाले बास गर्छ, त्यही दुनियाँ सन्निकट क्षितिजमा लोकतन्त्रको संकट देखेर त्रसित छ । किताबहरू लेखिएका छन्, डाभोस जस्ता ठूल्ठूला फोरममा बहस छेडिएको छ, वृत्तचित्त र श्रव्यदृश्यमा बहसको बाढी आएको छ । फाँसीवादी र पपुलिजम् (निरपेक्ष नायकपन्थ) को वैचारिक फलकबाट उदाएका पार्टीहरूले धमाधम चुनाव जितिरहेका छन् । ब्रेग्जिट, ट्रम्पको उदय, भर्खरै युरोपियन युनियनको चुनावमा दक्षिणपन्थीहरूले बाजी मारेको लगायतका तथ्यले ग्लोबल नर्थ पूरै हल्लिएको छ । हामी त गरिब देश, यहाँ प्रजातन्त्र/लोकतन्त्र 'शिशु' अवस्थाबाट हुर्किनै नसकेको दाबी चल्छ । यसोउसो गर्‍यो, हातमा तालु टेकाएर युरोप/अमेरिकातिर हेर्‍यो, अनि आफूसँगै सारा जनतालाई अपरिपक्व, पिछडा, लोकतन्त्रको अभ्यास गर्नै नसक्ने ठोकुवा गर्दै टेबल ठोक्यो । हाम्रो दैनन्दिन चिन्तनको घेरा यत्तिमै सीमित छ । हामीले आफूलाई आफ्नै आँखाले परख गर्न छाडेको धेरै भइसक्यो । अरूका देश हेर्‍यो, अनि 'देश किन बनेन' भन्ने नक्कली प्रश्न खडा गरेर खाँबो चिथोर्‍यो र नङ रगताम्य पारेर डाहा मार्‍यो, बस्यो । त्यतिले पनि डाहा मरेन भने 'यो देशमा केही हुन्न' भन्ने अर्को घोषणा ठोकिदियो र युरोपेली/अमेरिकी भिसाको लाइनमा उभियो । अर्को उल्का त के भने बनिसकेको भनिएको, जसलाई परैबाट हेरेकै भरमा यो देश बनेन भन्ने निष्कर्ष घोकाइएको छ । त्यही देशले यही गरिब देशबाट वर्षको खर्ब-खर्ब रुपैयाँ नगद र खर्ब-खर्बले नभ्याउने ऊर्जा खर्च गरेर तयार गरेको मान्छे ओसारिरहेको छ । तैपनि ऊ स्वतः विकसित छ र हामी स्वतः अविकसित छौं । उपलब्ध कुनै शास्त्रले व्याख्या गर्न सक्ला र यो घनचक्करलाई ? त्यो उत्तरी गोलार्द्ध र यो सानो गरिब मुलुक ! तुलनाको तराजु त बनेको छैन । तथापि 'हाटहुट लाटलुट' र लोकरिझ्याइँको राजनीति गर्नेहरू उदाए, यो नै लोकतन्त्रको संकट हो भन्ने विश्लेषण यहाँ पनि प्रचलित छ । राजनीतिक तथा बौद्धिक क्षेत्र यही व्याख्यामा विश्वस्त देखिन्छ । अहिले वामपन्थी पार्टीहरू र पपुलिस्ट भनिएको रास्वपाको गठजोडमा सरकार चलिरहेको छ । केही महिनाअघि त झन् वामपन्थी, कांग्रेस र पपुलिस्टकै गठजोडको सरकार थियो । त्यहाँदेखि यहाँसम्म जनताका वास्तविक मुद्दाहरू किन निरन्तर ओझेल परिरहेछन् ? किन सबै पार्टीको एकमात्र उद्देश्य मिसन-८४ छ ? मिसन ८०, ८१, ८२, ८३ हुँदैनन् ? कि ती वर्षहरू फड्किएरै ८४ मा पुग्ने हो ? राजनीति न फगत जितबाजीको खेला हो, न त निर्वाचनपछि निर्वाचनसम्मको रेला । वास्तविक राजनीति सामाजिक जीवनको तहतहमा हुन्छ । त्यसले जीवनका तगाराहरू पहिचान गर्छ र स्वतन्त्रताको यात्रामा निरन्तर रचनात्मक संघर्ष गर्छ । त्यहाँ विचारको निर्माण र प्रयोग हुन्छ, सिर्जना हुन्छ, सौन्दर्य हुन्छ, जुझारुपन हुन्छ । अप्ठ्याराका अघिल्तिर खडा भइरहने साहस हुन्छ र हुन्छ, सामाजिक जीवनको एउटा अविच्छिन्न प्रवाह ।

त्यसैले संकट विचारको हो, लोकतन्त्रको होइन ।

**उल्टो राजनीति**

माथि चर्चा गरिएका संकट उल्टो राजनीतिका परिणतिहरू हुन् । अध्येता मित्र देवराज गुरुङले सुनाएको उनकै गाउँको कथा यहाँ सान्दर्भिक छ । हेर्दाहेर्दै मान्छे रित्तिँदै गएको, बाँदर र बँदेल छ्याप्छ्याप्ती हुँदै गएको गाउँ । खेतबारी बाँझै, स्कुलहरू सुक्दै गएको गाउँ । बाटोघाटो, बिजुली बत्ती पुगेको तर बस्तीहरू उजाडिँदै गएको गाउँ । स्वास्थ्यचौकीमा सुत्केरी गराउने सुविधा पुगेको तर जन्मिएको बच्चालाई अड्याउने ह्याउ नपुगेको गाउँ । गुरुङजीको प्रश्न छ– जतिबेला केही सुविधा थिएन, त्यतिबेला बरु गाउँ गुल्जार थियो । विकास पुगेपछि झन् किन गाउँबाट सह हरायो ? गोरखाको यो गाउँ र अध्येता हरि रोकाले 'गाउँ एक रेलवे स्टेसन' (जेठ ५, कान्तिपुर/कोसेली) मा वर्णन गरेको खोटाङको पूर्वेली गाउँको कथा उस्तै छन् । यी कथाले हाम्रो वैचारिकी, अर्थराजनीति, सामाजिक संकट आदि अनेक पहलुहरूमा चिन्तनको माग गर्छ । तर चल्तीको उल्टो राजनीतिलाई यतातिर विमर्श गर्ने फुर्सद छैन । कथंकदाचित् संसद्मा कुरा उठिहाले पनि शून्य समयमा 'हात लाग्यो सुन्ना' हुन्छ । सामुदायिक विद्यालयहरू एकपछि अर्को किन मृत्युको मुखमा पुगिरहेछन् ? विश्वविद्यालयहरू किन र कसरी शैक्षिक रेलवे स्टेसनमा परिणत भइरहेछन् ? उल्टो राजनीतिका लागि यो एउटा प्रतिक्रिया दिएर उम्कने विषय मात्रै हो । सामाजिक मुद्दाहरू यत्रतत्र छरपस्ट छन् । न दलितको दिन आयो, न त आदिवासी/जनजातिको शिर उँचो भयो । न महिलाहरू बराबरीका हकदार भएका छन्, न मधेसी/थारूको राजनीतिले सिर्जनात्मक बाटो बनायो । संघीयता दोबाटोमा अलपत्र छ, पालिकाहरू ठेक्कादेखि ठेक्कासम्मको रुटिनमा फसिरहेकै छन् । बजेट माग्न र कार्यक्रम पार्न सिंहदरबार धाउनुपर्ने चक्रब्यूह जस्ताको तस्तै राखेर संघीयतामा खोट खोज्नेहरू नगर/महानगरहरूको अस्तव्यस्त सडकलाई नियालेर हेर्ने धैर्यसमेत गर्दैनन् । कोही टाउकोमा राजा बोक्न नपाएर भारी नपुगेको गधाझैं गनगन गर्ने, कोही प्रधानमन्त्री प्रत्यक्ष छान्न पाए सबै समस्या छुमन्तर हुन्छ भन्ठान्ने । प्रतिक्रियात्मक राजनीतिको उल्टो यात्रा पनि जमजमाइरहेकै छ ।

**सुल्टो राजनीति**

चुनाव जित्नु र सत्तामा जानु मात्र राजनीतिको अभीष्ट हो भन्ने मन्त्रलाई मान्ने हो भने नयाँ/पुराना सबै राजनीतिक शक्ति एउटै ड्याङका मूला हुन् । कुनै मूला अलि तिख्खर होला, कुनै अलि खल्लो, राजनीति त दुवैथरीको उल्टै हो । त्यसैले समाजका अरू तमाम तहतप्काका जनता, पार्टीमा भए पनि नभए पनि राजनीतिलाई सुल्टो बनाउन कम्मर कसेर लाग्नैपर्छ । देश भनेको जनताको समग्रता हो, परिवार हो । ऋण लिएर सुरुङ, टावर र एयरपोर्ट बनाइन्छ भने त्यो ऋणको साँवा-ब्याज जनताको खल्तीबाट तिरिन्छ । पोखरा र भैरहवा एयरपोर्टले मनग्गे ऋण बोकाइसकेपछि पनि निजगढमा अर्को एयरपोर्ट र अरू दर्जनौं सुरुङ आदि इत्यादि बनाउन खुट्टा उचालिन्छ भने बुझ्नुपर्छ सरकार उल्टो विकासको वायुपङ्खी घोडामा हुइँकिइरहेको छ । अर्थात्, देश नामको परिवार उसका निम्ति धरौटी मात्रै हो । हो, उल्टो विकासको चिन्तनले देश र जनतालाई धरौटीभन्दा पर केही देख्दैन । राजनीतिलाई सुल्ट्याउन चाहनेले शक्तिको छिनाझप्टीको उत्तेजनाबाट पर, एउटा सुन्दर क्षितिजको परिकल्पना गर्नैपर्छ । उल्टो विकासको अवधारणालाई ३६० डिग्रीमा घुमाउने, यथार्थको खोजमा डटेर लागिरहने, न्याय र समानताको मुद्दालाई सुल्टो राजनीतिको जग बनाउन नयाँनयाँ खोज गर्ने, सतही हल्लाखोरीबाट उखेलेर राजनीतिलाई जीवनको सततः उत्खननको प्रक्रिया बनाउने काममा हातेमालो गर्नु जरुरी छ । अन्यथा, राजनीतिले जितबाजीको अखडामा जनतालाई दर्शक बनाइदिन्छ र राजनीतिको सामूहिक जनमुखी शक्तिलाई नाश गरिदिन्छ । सुल्टो राजनीतिको जग अहिलेको राजनीतिमा छैन । चुनावी खेलभन्दा बाहिर जनताको आँगनमा मात्र यसको जग हाल्न सकिन्छ । नेपाली समाजका संकटहरूसँग साक्षात्कार गर्ने र संकटको टाउकामा टेकेर अघि बढ्ने विचार एवम् सामूहिक प्रयास निर्माण गर्ने सुल्टो राजनीति नै आजको आवश्यकता हो । निराशाको भाष्यलाई खारेज गर्दै सुल्टो राजनीति

(बाँकी तेश्रो पेजमा)

।।।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - महागढीमाई नगरपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# चन्द्रमाबाट नमुना लिएर पृथ्वीमा फर्कियो चिनियाँ यान

*११ असार ।*

चिनियाँ चन्द्रयान चन्द्रमाको सतहको नमुना लिएर पृथ्वीमा फर्किएको छ । सिन्ह्वा न्युज एजेन्सीका अनुसार मानवरहित चिनियाँ चन्द्रयान चांग'ई-६ ले चन्द्रमाको सुदूर हिस्साको नमुना लिएर पृथ्वीमा फर्किएको हो। उक्त यान मंगलबार इनर मंगोलियाको मरुभूमिमा अवतरण भएको हो। चन्द्रमाबाट ल्याइएको नमुना ग्रह निर्माणका बारेमा महत्त्वपूर्ण अनुसन्धान र खोजका लागि सहयोगी सावित हुन सक्ने वैज्ञानिकहरूले जनाएका छन् । चिनियाँ राष्ट्रिय अन्तरिक्ष प्रशासन(सीएनएसए) ले 'मिसन पूर्ण रूपमा सफल' भएको बताएको छ । चांग'ई-६ मिसन सफलतापूर्वक पूरा भएकोमा चिनियाँ राष्ट्रपति सी चिनफिङले बधाइ दिएका छन् । साथै उनले ब्रम्हाण्डका बारेमा नयाँ-नयाँ खोज गर्न पनि वैज्ञानिकहरूलाई आग्रह गरेका छन् । मानव-जगत्‌को भलाइका लागि अनुसन्धान र खोज प्रक्रियालाई निरन्तरता दिँदै मुलुकलाई अगाडि बढाउनसमेत उनको अनुरोध छ । विभिन्न देशहरूले चन्द्रमामा मानिस बस्न सक्ने/नसक्नेबारे अनुसन्धान गर्नका लागि पनि विभिन्न समयमा यानहरू पठाइरहेका छन् । चन्द्रमामाको सुदूर हिस्सामा यान पठाउने भने चीन एक्लो मुलुक हो । चन्द्रमामा हिउँको अंश भएको वैज्ञानिकहरूले आशंका व्यक्त गर्दै आएका छन् । जसबाट अक्सिजन, पानी र हाइड्रोजन बनाउन मद्दत पुग्न सक्छ । सिन्ह्वाका अनुसार दक्षिणी एटलान्टिक महासागरको करिब ६ हजार किलोमिटर माथिको दूरीमा 'रिटर्नर' 'अर्बिटर' बाट छुट्टिएको थियो ।

पृथ्वीको वायुमण्डलमा 'क्याप्सुल' मंगलबार दिउँसो १:४१ बजे प्रवेश गरेको पनि सिन्ह्वाले जनाएको छ। जमिनी सतहको करिब १० किलोमिटरमाथि प्यारासुट खुलेको र पूर्वनिर्धारित स्थानमा 'रिटर्नर' अवतरित भएको थियो ।

बेइजिङ एरोस्पेस कन्ट्रोल सेन्टरका इन्जिनियर पेङ देयुनले चाङ'ई-६ मिसन निकै नै कठिन रहेको पनि बताएका छन् । इनर मंगोलियाबाट उक्त 'रिटर्नर' लाई एयरलिफ्ट गरी बेइजिङ लगिने भएको छ । उक्त रिटर्नरले ल्याएको नमुना बेइजिङमै वैज्ञानिकहरूले अनुसन्धान गर्नेछन् । 'प्रयोगशालालाई हस्तान्तरण भएपछि सबैभन्दा पहिले हामीले नमुना रहेको कन्टेनर खोल्नेछौँ । नमुना निकाल्नेछौँ ।

चन्द्रमाको सतहबाट जम्मा पारिएको नमुना र सतहमुनिबाट लिइएको नमुना अलग गर्नेछौँ,' चाङ'ई-६ मिसनका डेपुटी चिफ डिजाइनर वाङ किओङ भन्छन् । चिनियाँ यानले ल्याएको नमुनाबाट चन्द्रमाको बनोटबारे पनि अनुसन्धान गर्न सहयोग पुग्ने वैज्ञानिकहरूको दाबी छ । उक्त यान चीनले मे महिनाको पहिलो साता चीनको हैनान प्रान्तमा रहेको वेनचाङ अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट चन्द्रमामा पठाएको थियो ।

# कपिलवस्तुको सिद्वार्थ लुम्बिनी ग्रीन रिसोर्टलाइ क्यासिनो सन्चालनको अनुमती

*अजय मिश्र*
*कपिलवस्तु, ११ असार ।*

कपिलवस्तुमा पहिलो पटक क्यासिनो संचालन हुने भएको छ । कपिलवस्तु जिल्लाको पश्चिम क्षेत्रमामा रहेको सिद्वार्थ लुम्बिनी ग्रीन रिसोर्ट चन्द्रौटाले क्यासिनो सन्चालनको अनुमती पाएको छ।१ अर्वको लागानिमा निर्माण भएको रिसोर्टलाइ सस्कृती , नागरिक उडयन तथा प्रर्यटन मन्त्रालयले क्यासिनो सन्चालनको अनुमती दिएको रिसोर्टका अध्यक्ष लक्षमण भन्डारीले बताउनुभयो । अनुमती पाएसगै आउदो साउन १ गते देखी क्यासिनो सन्चालन गर्ने तयारी भएको अध्यक्ष भण्डारीले बताउनुभयो ।

क्यासिनो सन्चालनमा आएपछि पर्यटन प्रवद्नर्मा टेवा पुग्ने सन्चालक महादेव पोखेलले बताउनुभएको छ ।

भारतसगको कम दुरि रहेकोले यहाँ पर्यटकको सख्या बढ्ने उहाँको भनाइ छ ।

सरकारले भारतीय पर्यटकलाइ बिना झन्झट नेपाल आउने बाताबरण सिर्जना गर्न सकेमा पर्यटन बिकास हुने बताउनु भयो ।

झुल लगाऔं
लामखुट्टेबाट बचौं।

### खैरो ...............................

प्रहरीले लागू औषध मुद्दा दर्ता गरी जिल्ला अदालत कलैया बारा बाट ५ दिनको म्याद थप गरी अनुसन्धान कार्य अघि बढाएको छ ।

### उल्टो- ...............................

निर्माण गर्ने काम जनताको हो । त्यहाँ चुनाव वा अरू कुनै जितबाजीको खेल मुख्य हुँदैन । तर सुल्टोको शक्तिसँग बलवान् सत्ता भत्काउने तागत निहित हुन्छ । -ईकान्तिपुरबाट

### कुशवाहाको ...................

सिमकार्डहरु बरामद गरीएको जानकारी न्यौपानेले दिएका छन् । पक्राउ गरीएको सातौं जनामाथि कर्तव्य ज्यान तथा हातहतियार खरखजाना मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट मँगलबारदेखि लागु हुने गरी ६ दिनको म्याद थप गराई अनुसन्धान भईरहेको जानकारी समेत न्यौपानेले दिएका छन्। भने उक्त घटनामा संलग्न अन्य फरार रहेका प्रतिवादीहरुको खोज तलास तथा अनुसन्धान कार्य जारी रहेको बताएका छन् ।

### एसईईको नतिजा.............................................

अंकलाई ग्रेडमा रूपान्तरण गरिने छ । तर विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ पूर्णाङ्कको परीक्षा हुने विषयमा ३५ प्रतिशत अर्थात २६.२५ अंक पाएको छैन भने प्रमाण पत्रमा एनजी (नन ग्रेडेड) उल्लेख हुनेछ ।

र ग्रेड वृद्धि परीक्षा नदिइ कक्षा ११ मा पढ्न पाउने छैनन् ।

साथै कुनै एक विषयमा आन्तरिकतर्फ १० र सैद्धान्तिकतर्फ न्यूनतम २६.२५ अंक नल्याएको अवस्थामा विद्यार्थीले मूल प्रमाणपत्र नपाउने बोर्डले जनाएको छ । विद्यार्थीले दुई विषयमा ग्रेड वृद्धि परीक्षा दिन पाउनेछन् ।

दुईभन्दा बढी विषयमा न्यूनतम ३५ प्रतिशत अंक नपाएका र ग्रेड वृद्धि परीक्षा दिंदा पनि ३५ प्रतिशत अंक ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष एनजी लागेको विषयमा मात्र परीक्षा दिन पाउनेछन् । साभार: अनलाईन खबर

आगलागी हुनबाट सावधानी अपनाऔं

- हिउँद तथा सुख्खा याममा आगलागीका घटनाहरु धेरै हुने हुँदा आगोको प्रयोगमा होसियारी अपनाऔं ।
- आगो तथा ग्याँस बालुञ्जेल भान्सा छाडेर टाढा नजाऔँ र गोठमा घुर बाल्दा सावधानी अपनाऔँ ।
- सलाई, लाइटर तथा डिजल, पेट्रोल जस्ता प्रज्वलनशील सामाग्री केटाकेटीले भेट्ने गरी नराखौँ ।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौँ ।
- बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको निक्यौल गरौं ।
- जथाभावी चुरोट, विडिका ठूटा ननिभाई नफ्याकौँ ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौँ ।
- आफ्नो घर टोलमा आगलागीको घटना भएमा तत्काल बारुण यन्त्रलाई खबर गरौं ।

परोहा नगरपालिका
रौतहट

महागढीमाई नगरपालिका बरियारपुर
बाराको जनहितमा जारी सन्देश

बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं ।
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं ।
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं ।
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं।
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं ।
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं ।
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं ।
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

# जनमत पार्टीको जीतपुरसिमरा नगर कमिटीको अध्यक्षमा सोनि चयन

*अखिलेश कुमार यादव*
*बारा, ११ असार ।*

डा सीके राउत नेतृत्वको जनमत पार्टीले बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिकामा नगर अधिवेशन सम्पन्न भएको छ । मंगलबार छाता पिप्रा स्थित श्री गढीमाई मन्दिरको प्रांगणमामा जनमत पार्टी जीतपुरसिमराको नगर कमिटी उपाध्यक्ष शैलेस फुयाल अध्यक्षतामा भएको नगर अधिवेशन जनमत पार्टीका जिल्ला अध्यक्ष शिवनाथ पटेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । उक्त अधिवेशनबाट मनोहर सोनिको नेतृत्वमा ३३ सदस्यीय नगर कार्यसमिति गठन गरिएको सो कार्यसमितिको उपाध्यक्षमा ज्ञानु थापा, रमेश पटेल, सचीवमा शैलेस क्षेत्री, सहसचिव आस महम्मद देवान सहित ३३ सदस्यीय नगर स्तरीय कार्यसमिति गठन गरिएको छ ।

नव निर्वाचित जीतपुरसिमराका उपमहानगरपालिकाको नगर संयोजक मनोहर सोनिले आफू माथि ठुलो कार्यभार थपिएको बताउँदे उनले भने 'अब पार्टी बिस्तार, कार्यकर्ताहरुको समस्या सावधान गर्न दिनरात लाग्नेछु ।

नयाँ सोच र यहाँका समाजलाई राम्रो बनाउने ,बिकाश गर्ने र यहाबाट भ्रष्टाचारी हटाउने अभियानमा लाग्नेछु ।

मधेसका समस्याहरू बिस्तारै समाधान गर्दै किसानको मलखादको ब्यबस्थाप्रति आफूहरु गम्भीर भएको जनमत पार्टीका बारा जिल्ला अध्यक्ष शिवनाथ पटेलले बताए ।

जनमत पार्टीको अहिले मधेशमा क्रेज बढदै गएको छ।जनमत पार्टी प्रवेश गर्नेको संख्या समेत वृद्धि भएको छ ।

### बाराको १६ ......................

असाढ १० गते सोमबार नगरसभामा कुर्सी नै हानाहान भएको थियो ।

तर पनि कार्यपालिका सदस्य सँख्याको २५ प्रतिशत उपस्थितिको हस्ताक्षरमा गरेको छ।

भने देवताल गाउँपालिकामा जम्मा रहेको ७ वटा वडाहरु मध्ये ५ जना वडाहरुले बिरोध गरीरहेको बेला गाउँपालिकाले प्रहरीको घेरा भित्र बिरोध गरीरहेको वडा अध्यक्षहरु छाडी गाउँसभा गरेको छ। भने अन्य सम्पुर्ण स्थानीय तहहरुमा शान्ति पुर्ण र सौहार्दपूर्ण वातावरणमा नगरसभा र गाउँसभा सम्पन्न भएको छ ।

गर्मी मौसममा प्रसस्त
पानी पिउने गरौं
स्वस्थ्य रहौं ।

झुल लगाऔं
लामखुट्टेबाट बचौं।

आगलागी हुनबाट सावधानी अपनाऔं

- हिउँद तथा सुख्खा याममा आगलागीका घटनाहरु धेरै हुने हुँदा आगोको प्रयोगमा होसियारी अपनाऔं ।
- आगो तथा ग्याँस बालुञ्जेल भान्सा छाडेर टाढा नजाऔँ र गोठमा घुर बाल्दा सावधानी अपनाऔँ ।
- सलाई, लाइटर तथा डिजल, पेट्रोल जस्ता प्रज्वलनशील सामाग्री केटाकेटीले भेट्ने गरी नराखौँ ।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौँ ।
- बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको निक्यौल गरौं ।
- जथाभावी चुरोट, विडिका ठूटा ननिभाई नफ्याकौँ ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौँ ।
- आफ्नो घर टोलमा आगलागीको घटना भएमा तत्काल बारुण यन्त्रलाई खबर गरौं ।

गरुडा नगरपालिका
गरुडा, रौतहट

सुवर्ण गाउँपालिका, कवहिजब्दी
बाराद्वारा जनहितमा जारी

- सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पत्ती हो । जथाभाबि फोहर नफालौ र आफ्ना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।

# रौतहटको १८ मध्ये १५ स्थानीय तहले ल्याए बजेट

*रौतहट, ११ असार ।*

रौतहट स्थित १६ नगरपालिका २ गाउँपालिका गरी १८ स्थानियतह मध्ये १६ ले असार १० अर्थात नेपाल सरकारद्वारा निर्धारण गरिएको तिथि भित्रै बजेट ल्याउन सफल भएको छ। बिभिन्न कारणले १५ मध्ये ३ नगरपालिकाले भने असार १० भित्र बजेट ल्याउन सकेन। निर्धारित तिथि असार १० गते सोमवार जिल्लाको ७ स्थानीयतहले एकैदिन नगर अधिवेशन सम्पन्न गरेको थियो। मौलापुरको अधिवेशनले शून्य करनीति सहित ३९ करोड़को बजेट पारीत गरेको थियो भने कार्यक्रमका प्रमुख अतिथीले संघ र प्रदेशले जिम्मा लिएको काम नगर्दा नगरमाथी आर्थिकभारको आरोप लगाएका थिए। आमजनता पार्टीका अध्यक्ष संघीय सांसद प्रभु साहको प्रमुखआतिथ्यमा मौलापुर नगरपालिकाको आठौं बजेट अधिवेशन सम्पन्न भएको थियो। मौलापुर नगरपालिकाकी मेयर रिना कुमारी साह र प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले संयुक्त रूपमा ३९ करोडको बजेटको बाचन गरेका थिए। परोहा नगरपालिकाका मेयर शेख वकीलले नगर सभामा ४८ करोड ४४ लाख १९ हजार १ रुपैयाँको बजेट प्रस्तुत गरेका थिए। दोस्रो पटक निर्वाचित भएका मेयर वकीलले नगरवासीको प्रत्यक्ष लाभ हुने गरी योजना ल्याएका हुन्। नगरपालिकाको प्रत्येक वडाका कमतीमा ५० जना गरीव असहायलाई प्रतिमहीना १० किलो चामल उपलब्ध गराउने, आश्रय नभएका व्यक्तिलाई संघ, प्रदेश र पालिकाको सहयोगमा आवास टहराको व्यवस्थापन गरिने, नगरपालिकाभित्रका सबै घरपरिवारलाई निःशुल्क रुपमा ग्याससहित चुलो वितरण गरी कार्तिक मसान्तमा धुवामुक्त नगरपालिका घोषणा गर्ने प्रतिबद्धता जनाएको प्रमुख प्रशासकिय अधिकृत महमद महफुज अहमदले बताएका छन्। त्यस्तै गुजारा नगरपालिकाको नगरसभा सोमवार सम्पन्न भएको छ। मेयर सन्तलाल चौधरी र उपमेयर रत्ना लामाले आर्थिक बर्ष २०८१/०८२को लागि ५७ करोड ६८ लाख,६३ हजारको बजेट प्रस्तुत गरेका थिए। माधवनरायण नगरपालिकाका नगर प्रमुख बैधनाथ प्रसाद यादव (बैजुयादवको अध्यक्षतामा भएको नगरसभाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छ। कार्यक्रममा नगर उपप्रमुख निर्मला रमणले आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र ४९ करोड ७४ लाख ७२ हजार बजेट ल्याउदै ९औ अधिवेशन भव्ययाताका साथ सम्पन्न भएको छ। दुर्गा भगवती गाउँपालिकाका गाउँसभाका अध्यक्ष श्री शम्भु कुमार सिंहले आगामी आ.व. २०८१/०८२ को लागि नीति तथा कार्यक्रम सहित जम्मा ३७ करोड ६५ लाख ५६ हजारको बजेट प्रस्तुत गरेका थिए। अधिवेसनले शिक्षा, स्वास्थ भौतिक पूर्वाधार संगै प्रत्यक्ष रूपमा नागरिक लाभान्वित हुने योजनाहरू प्राथमिकतामा राखेको प्रमुख प्रशासकिय अधिकृत परमानन्द पाठकले बताएका छन्। जिल्लाको पूर्विभेग राजदेवी नगरपालिकाको १२ औ नगर अधिवेशन सोमबार सम्पन्न भएको छ। जिल्ला समन्वय समितिका अध्यक्ष राम अयोध्या राय यादवको प्रमुख आतिथ्यमा भएको नगर अधिवेशनमा नगरप्रमुख भिखारी प्रसाद यादवले आगामी आर्थिक वर्ष २०८१-०८२ का लागि ४८ करोड १० लाख ९६ हजारको बजेट प्रस्तुत गरेका छन्। त्यस्तै गढीमाई नगरपालिकाको को ११ औं नगरसभा सम्पन्न भएको छ। नेपाली कांग्रेस मधेश प्रदेशका सभापती कृष्ण प्रसाद यादवको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेसनमा मेयर श्याम प्रसाद यादवले आर्थिक बर्ष २०८१/०८२ को लागि ५९ करोड ५०, लाख, एक हजार रुपैयाको बजेट प्रस्तुत गरेका थिए।

कटहरिया, गौर, चन्द्रनिगाहुर, वृन्दावन, गुजरा, राजपुर, गरुडा, ईशनाथ नगरपालिका र यमुना माई गाउँपालिकाले यस अघिनै बजेट ल्याइसकेको छ। १८ मध्ये ३ वटा पालिकाले असार १० गतेसम्म बजेट ल्याउन सकेको छैन। बौधिमाई नगरपालिकाका मेयर प्रदीप कुमार यादवले एकलौटी गर्न खोजेको भन्दै उपमेयर प्रमिला कुमारी जैसवाल सहित बहुमतले असार १० गते आयोजित नगरसभा बिथोलेको थियो। मेयर यादवले असार १० गते राती १२ बजे बिना बहुमतको नगरसभा गरेको खबर प्राप्त भएको छ। तर त्यस्तो नगरसभाको कुनै औचित्य नहुने उपमेयर जैसवालको दाबी रहेको छ।

देवाही गोनाही नगरपालिका र फतुवा विजयपुर नगरपालिकामा जनप्रतिनिधि बिच बजेटको भागबण्डा नमिलेको कारण नगर अधिवेशन आयोजना हुनसकेको छैन। साभारः न्युज अफ नेपाल

## मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजना : तीन महिनाभित्रै पेट्रोल पाइपलाइबाट

*वीरगंज, ११ असार ।*

नेपाल आयल निगमले आगामी भदौ मसान्तभित्रै पेट्रोल, मट्टितेललगायत पेट्रोलियम पदार्थ पनि पाइप लाइनबाट ल्याउने गरी पूर्वाधार निर्माणलाई तीव्रता दिएको छ।

निगमले मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणको ७५ प्रतिशत काम सकिएसँगै बाँकी रहेको काम पनि आगामी तीन महिनाभित्र सम्पन्न गरेर पेट्रोल-मट्टितेल पनि पाइप लाइनबाटै ल्याउने तयारीमा जुटेको छ।

नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख बिनितमणि उपाध्यायले मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन परियोजनाअन्तर्गत दोस्रो चरणअन्तर्गतका मुख्य ट्याङ्क निर्माण सकिएकाले अन्य प्राविधिक कामलाई तीन महिनाभित्रै सम्पन्न गरेर पेट्रोल-मट्टितेल पाइप लाइनबाट ल्याइने बताए।

दोस्रो चरणअन्तर्गतका ठूला पूर्वाधार निर्माणका सबैजसो काम सकिएका छन्", उनले भने, "परियोजनाको दोस्रो चरणअन्तर्गत ४१ सय किलोलिटर क्षमताका दुईवटा पेट्रोलका ट्याङ्क निर्माण गर्नुपर्ने थियो। अहिलेसम्म दुईवटै ट्याङ्क निर्माणको काम सम्पन्न भइसकेको छ", उनले भने, "समग्रमा अहिलेको जुन रफ्तारमा काम भइरहेको छ।

सोही कायम रहेको खण्डमा तीन महिनाभित्र सम्पन्न हुनेछ। प्रमुख उपाध्यायले पेट्रोलियम पदार्थको भण्डारणसँग जोड्ने पाइप लाइन जडान कार्य भइरहेको बताए। "केही सिभिलसँग सम्बन्धित र इलोक्ट्रोनिक्स र आइटीसँग सम्बन्धित काम बाँकी रहेको छ", उनले भने, "बाँकी रहेका काम पनि तीव्रगतिमा भइरहेकाले सकेसम्म भदौको दोस्रो साताभित्र सकाउने गरी काम भइरहेको छ।

प्रमुख उपाध्यायले पेट्रोल पाइप लाइनबाट ल्याएसँगै ढुवानी खर्चमा प्रतिलिटर रु तीन कम हुने बताए।

---

**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मधेश प्रदेश, बारा, कलैया
आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना
प्रकाशित गरिएको सूचना मितिः २०८१।०३।१२ गते

यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शिर्षकहरुमा ठेक्काबाट कर शिर्षकमा उठाउन को लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक फर्म वा कम्पनीहरुले ७/१५ दिन भित्र बोलपत्र खरिद गर्न यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| ठेक्का नं. | ठेक्का शिर्षक | ठेक्का अवधि | व्यूनतम अंक रु. | वर्ष | बोलपत्र फाराम दस्तुर रु. | दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३२/०८०।०८१ | विज्ञापन कर | .०८१।०८२ देखि ०८३।०८४ सम्म | १८०००००। | ३ | १०००। | ७ दिने | तेश्रो पटक |
| ३३/०८०।०८१ | कलैया–७ को माछा पोखरी | .०८१।०८२ देखि ०८५।०८६ सम्म | ३५०००००। | ५ | ३०००। | १५ दिने | दोश्रो पटक |
| ३५/०८०।०८१ | कलैया–१ को माछा पोखरी | .०८१।०८२ देखि ०८५।०८६ सम्म | ३२५१०१। | ५ | १०००। | ७ दिने | तेश्रो पटक |
| ३६/०८०।०८१ | कलैया–१९ को माछा पोखरी | .०८१।०८२ देखि ०८५।०८६ सम्म | ३०६०००। | ५ | १०००। | ७ दिने | तेश्रो पटक |
| ३७/०८०।०८१ | कलैया–१ को बजार शौचालय | .०८१।०८२ | ३१०९९०। | १ | १०००। | १५ दिन | पहिलो पटक |

अन्य शर्तहरु

१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रष्ट लेख्नुपर्नेछ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ७/१५ औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ।
३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र र आ.ब. ०७९।०८० को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।
४) सूचना प्रकाशित भएको मितिले ७/१५ औं दिन सम्ममा खरिद गरी ८/१६ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका, बारामा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ। उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
६) मुल्य अभिवृद्धि कर लगायतका करहरु ठेक्दार स्वयमले तिर्नु पर्ने छ।
७) अगामी किस्ता रकम वापत बैक ग्यारेन्टी वा नगद जम्मा गर्नु पर्ने छ।
८) पोखरीहरुको हकमा पोखरी मर्मत गर्नु परेमा ठेक्कदार स्वयम मर्मत गर्नु पर्ने छ।
९) वोलपत्रको साथ आफुले कबोल गरेको ५ (पाच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.बा.बैक कलैया शाखामा रहेको खाता नं.१२६०१००३०३००००४ धरौटी खातामा जम्म गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैकंवाट मान्यता प्राप्त बैकंले यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको विड बन्डको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ।
१०) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखा, लेखा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

---

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं।**

---

## चट्याङबाट कसरी बच्ने ?

- विधुतीय सामाग्रीहरु जस्तैः मोबाईल फोन, टि.भी, कम्प्युटर, फ्रीज, वासिङ्ग मेसिन बन्द गर्ने र चार्जिङ्गबाट हटाउने।
- झ्याल ढोका बन्द गरी घरको भित्ता भन्दा टाढै बस्ने।
- अत्यावश्यक अवस्था बाहेक मोबाईल तथा कर्डलेश फोन प्रयोग नगर्ने।
- घर बाहिर ननिस्कने।
- तारसहितको टेलिफोन प्रयोग गरी कुरा नगर्ने।
- आकाशमा बिजुली चम्किन र गड्यागुडुङ्ग गर्न थालेपछि घरभित्र बस्नेरु
- पक्की घर वा गाडी नजिक छ भने घर वा गाडी भित्र झ्याल ढोका बन्द गरेर बस्ने।
- खुल्ला स्थानमा भएको अवस्थामा दुई घुडाँ बिचमा टाउको लुकाई टुक्रुक्क बस्ने।
- नजिक घर नभएको अवस्थामा तुरुन्तै सुरक्षित स्थानमा ओत लाग्ने तर रुख र पोल मुनि कहिल्यै ओत नलाग्ने।
- खेतबारीमा काम नगर्ने।
- पौडी खेल्ने, माछा मार्ने, -याफ्टिङ गर्ने जस्ता क्रियाकलाप नगर्ने।
- धातुको तारबार नजिक नबस्ने।

**फतुवा बिजयपुर**
**लक्ष्मीनिया दोस्तिया, रौतहट**

---

## प्रसौनी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहित गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं।
- सार्वजनिक सम्पत्तिमा संरक्षणमा गाँउपालिकालाई सहयोग गरौं।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरी सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं।

---

## हाम्रो अनुरोध

- **सुक्खा मौसममा हावाहुरी चल्ने घर, पसल, कार्यालय र वनलगायतमा आगलागी भई जनधनको ठूलो क्षति हुनसक्छ।**
- **आगलागीका विपदजन्य घटना हुन नदिन र भइहालेमा कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाऔं।**
- **आगो उत्पन्न हुने सलाई, लाइटर, ग्यॉस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्ने र काम सकिएपछि सुरक्षितसाथ राख्ने गरौं।**
- **वनमा डढेलो नलगाउने, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउने गरौं।**

**कटहरिया नगरपालिकाको कार्यालय**
**कटहरिया, रौतहट**